## पाठ - 6
## नफिल रोज़ाहरु

## الدرس السادس - نيبالي
## صيام التطوع

रसूल ﷺ ले निम्न दिनको रोजा प्रति प्रेरित गर्नु भएको छ:

१- शव्वाल महिनामा ६ दिन, रसूल ﷺ ले भन्नु भयो:

مَنْ صَامَ رَمَضَانَ ثُمَّ أَتْبَعَهُ سِتًّا مِنْ شَوَّالٍ، كَانَ كَصِيَامِ الدَّهْرِ

जसले रमजानको रोजा राख्नु भयो, र त्यस पछि शव्वालको ६ दिन थप रोजा राख्नु भयो भने त्यो व्यक्ति यस्तै भयो जस्तो कि सदा सदाको लागि रोजा राखेको छ ( मुस्लिम- ११४)

२- सोमवार र बिहिवार दुई दिनको उपवास ।

३- प्रत्येक महिनामा तीन दिन, र यदि बीच महिनाको व्रत राख्यो भने राम्रो हुन्छ अर्थात १३, १४, १५ गते ।

४- आशुराको दिन, अर्थात मोहर्रम महिनाको १० गते, तर यहुदिहरुको बिरुद्धमा त्यस भन्दा एक दिन अघि वा एक दिन पछिको रोजा राख्नु उत्तम छ, अबुकतादा ؓ को हदीसमा छ कि रसूल ﷺ ले भन्नु भयो:

صِيَامُ يَوْمِ عَاشُورَاءَ، إِنِّي أَحْتَسِبُ عَلَى اللهِ أَنْ يُكَفِّرَ السَّنَةَ الَّتِي قَبْلَهُ

आशुराको रोजा प्रति म अल्लाह सित यो आशा राखेको छु कि उहाँले बिगत एक बर्षको पापहरु लाइ क्षमा गरि दिनु हुन्छ (मुस्लिम- ११६२)

५- अरफाको दिन, अर्थात जुलहिज्जा महिनाको ९ गते, हदीसमा छ कि

صِيَامُ يَوْمِ عَرَفَةَ، أَحْتَسِبُ عَلَى اللهِ أَنْ يُكَفِّرَ السَّنَةَ الَّتِي قَبْلَهُ، وَالسَّنَةَ الَّتِي بَعْدَهُ

अरफाको रोजा प्रति म अल्लाह सित यो आशा राखेको छु कि बिगत एक बर्ष र अगामि एक बर्षको पाप माफ भइहाल्छ» (मुस्लिम- ११६२)

## जुन दिनमा व्रत बस्नु बर्जित गरिएको छ ।

१- ईद र बकईदको दिन् । २ - तशरीकको तीन दिन, अर्थात जुलहिज्जाको ११, १२, १३ गते, तर हज केरान र हज तमत्तोअ गर्नेहरु बाहेक, यदि हदि अर्थात बलीको जनावर उपलब्ध छैन भने ।

३ - मासिक धर्म र सुत्केरीको समयमा । ४- पति घरमा उपस्थित भएको अवस्थामा पत्निले रोजा न राख्ने, रसूल ﷺ ले भन्नु भयो:

لاَ تَصُومُ الْمَرْأَةُ وَبَعْلُهَا شَاهِدٌ إِلَّا بِإِذْنِهِ

श्रीमतिलाई आफ्नो श्रीमानको अनुमति बिना रमजान बाहेक अरु समयमा रोजा राख्नु मिलदैन, यदि श्रीमान घरमा उपस्थित छ भने (बुखारी- ५१९२,मुस्लिम, १०२६)